पत्र संख्या :
चलानी नं. :

## NEPSE Float Index र NEPSE Sensitive Float Index सम्बन्धी प्रेश विज्ञप्ति

हालसम्म स्टक एक्सचेञ्जमा सूचिकृत भएका संस्थापक सहितको सम्पूर्ण शेयर (Equity) हरुको धितोपत्रहरुको पूँजीकरणका आधारमा नेप्से परिसूचक र नेप्सेले 'क' वर्गमा वर्गीकरण गरेको कम्पनीको सम्पूर्ण शेयरहरुको आधारमा सेन्सेटीभ परिसूचकको गणना गरिदै आएकोमा अब सार्वजनिक निष्काशन (आइपीओ) भएका शेयरहरुको संख्या र अन्तिम बजार मुल्यका आधारमा Index गणना गरी NEPSE Float Index गणना शुरु गरिएको छ ।

नेपालको शेयर बजार मुख्यत: बैंक तथा वित्तीय संस्थाको प्रभुत्व रहेको र यस्ता संस्थाको अधिकांश संस्थापक शेयर कारोबार हुननसक्ने शेयरको रुपमा रहेको हुँदा सार्वजनिक निष्काशन भएका सूचिकृत कम्पनीहरुको शेयरको पूँजीकरणको आधारमा मात्र **Float Index** गणना गर्नूपर्ने आवश्यकता भइरहेको परिप्रेक्ष्यमा करिब ३.५ प्रतिशत शेयरमात्र सर्वशाधारणमा गएको र अहिलेसम्मको सवभन्दा धेरै शेयर संख्या (१५ करोड कित्ता) भएको नेपाल दूरसञ्चार कम्पनीको शेयर सूचीकरण भई कारोवार शुरु भएपश्चात बजारको यथार्थ स्थिति थाहा पाउन **Float Index** गणना गर्न अपरिहार्य भएको छ ।

सर्वसाधारणमा जारी गरिएको शेयरहरुको मात्र परिसूचक गणना गर्नुको मुख्य उद्देश्य बजार स्थितिको यथार्थ प्रतिनिधित्व गर्ने Index निकाली लगानीकर्ताहरुलाई विशेष सूचना उपलव्ध गराउनु हो । प्रस्तुत Index हरु स्टक एक्सचेञ्जको Benchmark को रुपमा स्थापित भई यसले लगानीकर्ताहरुमा बजार प्रति थप विश्वासनियता वढाउनेछ ।

**NEPSE Float Index** र **NEPSE Sensitive Float Index** गणना गर्ने विधि र मुख्य आधारहरु:

(१) नेप्से All Equity Share Price Index तथा Sensitive Index जुन विधिले गणना गरिन्छ त्यही विधिले देहाय अनुसारको सुत्र प्रयोग गरी NEPSE Float Index गणना गरिएको छ ।

$$\text{Float Index} = \frac{\text{सर्वसाधारणमा जारी शेयरहरुको चालु बजार पूँजीकरण}}{\text{सर्वसाधारणमा जारी शेयरहरुको आधार पूँजीकरण}} \times १००$$

त्यस्तै गरेर 'क' वर्गका कम्पनीहरुको सर्वशाधारणमा जारी गरिएको शेयरको बजार पूँजीकरणको आधारमा **Sensitive Float Index** गणना गरिएको छ । विभिन्न नियमक निकायवाट सम्बन्धित कम्पनीहरुको संस्थापक शेयरलाई सर्वसाधारणमा परिवर्तन गरिएमा वा सूचीकृत कम्पनीहरुको संख्या थप घट हुनुका साथै "क" वर्गमा वर्गिकृत कम्पनीहरुको संख्यामा थपघट हुदा सोही अनुसार बजार पूजीकरणलाई समायोजन गरिनेछ भने वोनस शेयर र हकप्रद शेयर वितरण हुँदा समेत त्यसमा समायोजन गरिनेछ ।

(२) खास उतारचढाव नरहेको र नेपाल दूर संचार कम्पनी लि.को १५ करोड शेयर सूचीकरण भई कारोवार भएको २०६५ भाद्र ८ गतेलाई Base Period को रुपमा लिइएको र यसै दिनको अन्तिम कारोबार मूल्यलाई

आधार बजार मूल्य (Base Market Price) को रुपमा लिई NEPSE Float Index र Sensitive Float Index को गणना गरिएको छ ।

(३) Index गणना गर्दा कर्मचारीलाई वितरीत शेयर र स्ट्राटेजिक शेयरलाई हटाइन्छ । यसरी सर्वसाधारणमा वितरित शेयरको संख्या सम्पूर्ण सूचीकृत शेयरको २९.८% हुन आउछ भने दैनिक कारोवारमा करीव ९९% यस्ता शेयरहरुको कारोवार हुन्छ ।

(४) हाल निकालिएको नेप्से परिसूचक तथा Sensitive Index लाई स्वचालीत कम्पूटरकृत कारोवार प्रणाली (Automated Computerized Trading System, CATS) हाललाई यथावत राखी यी परिसूचकको स्थितिलाई यस स्टक एक्सचेञ्जको वेभसाईटमार्फत प्रसारण गरिनेछ ।

**Float Indices बनाए पश्चात भाद्र ९ देखि २५ सम्मको परिवर्तन र NEPSE र Sensitive Index संगको तुलनात्मक स्थितिः**

(१) Float Index बनाए पश्चात २०६५ भाद्र १० देखि २५ सम्मको परिवर्तन र वर्तमान NEPSE Index र Sensitive Index संगको तुलनात्मक स्थिति संलग्न तालिका तथा चार्टहरुमा देखाइएको छ ।

२. संलग्न चार्ट तथा चार्टहरुमा NEPSE Index र Float Index तथा Sensitive Index र Sensitive Float Index को उतार चढाब (Trend) एउटै दिशामा गएको देखिन्छ ।

३.संलग्न चार्ट तथा चार्टहरुमा प्रस्तुत चार्ट अनुसार २०६५ भाद्र ९ देखि २५ गते सम्मको NEPSE Index र Float Index तुलना गर्दा समिक्षा अवधिमा भाद्र १५ गते NEPSE Index सबै भन्दा उच्च दर ४.९८ प्रतिशतले बृद्धि हुदा Float Index ३.४३ प्रतिशतले बृद्धि भएको देखिन्छ । त्यसै गरी सोहि अवधिमा भाद्र १६ गते NEPSE Index मा सबै भन्दा उच्च दर ३.४९ प्रतिशतले ह्रास आउदा Float Index १.४६ प्रतिशतले ऋणात्मक भएको देखिन्छ ।

४. त्यसैगरी संलग्न दोस्रो चार्ट अनुसार २०६५ भाद्र ९ देखि २५ गते सम्मको Sensitive Index र Sensitive Float Index तुलना गर्दा समीक्षा अवधिमा भाद्र ११ गते Sensitive Index सबै भन्दा उच्च दर -४.६६ प्रतिशतले घट्दा Sensitive Float Index -३.४४ प्रतिशतले घटेको छ भने भदौ १५ गते Sensitive Index ३.६३ प्रतिशतले बढ्दा Sensitive Float Indx ३.६८ प्रतिशतले बढेको छ ।

५. यसरी संलग्न तालिका तथा चार्टहरुवाट के स्पष्ट हुन्छ भने नेप्सेमा भएको कारोवारवाट NEPSE Index र Sensitive Index मा उच्च दरमा परिवर्तन आउदा Float Index र Sensitive Float Index मा तुलनात्मक रुपमा प्रायशः कम परिवर्तन हुने देखिन्छ ।

**उपयोगिता**

Float Index तथा Sensitive Float Index ले सर्वसाधारणमा जारी गरिएको शेयरहरुको मात्र प्रतिनिधित्व गर्ने हुदा यस्ता शेयरहरुको कारोवारका सम्बन्धमा यथार्थ जानकारी सर्वसाधारण लगानिकर्ताहरुलाई दिई लगानीकर्ताहरुलाई बजार प्रति थप विश्वासनियता वढाउने अपेक्षा गरिएको छ यसका साथै उक्त परिसूचकहरु नीति निर्माता, लगानीकर्ता तथा अनुसन्धानकर्ताका लागि उपयोगी हुने देखिन्छ । हालको नेप्सेको कारोवार प्रणालीमा Float Index तथा Sensitive Float Index गणना गर्ने Automatic व्यवस्था नहुदा यसको आधारमा Circuit Breaker सम्बन्धी नीति लागू गर्न नसकिए पनि एकातर्फ यसलाई आधार मानेर NEPSE Index को Circuit Breaker सम्बन्धि प्रतिशत निर्धारण गर्न पनि उपयोगी हुनेछ भने अर्कोतर्फ भविष्यमा कारोवार प्रणालीमा व्यवस्था गरी उक्त नीति लागू गर्न सकिने छ ।

मिति : २०६५/५/२६

| Nepal Stock Exchange Ltd | | | | | | |
|---|---|---|---|---|---|---|
| Comparision of Sensitive Index and Sensitive Float Index | | | | | | |
| | Sensitive Index:Base: Ashad 32, 2063 | | | Sensitive Float:Base: Bhadra 9, 2065 | | |
| | Sensitive Index | Change | % Change | Sensitive Float | Change | % Change |
| Bhadra 9, 65 | 282.09 | | | 100 | | |
| Bhadra 10, 65 | 279.07 | -3.02 | -1.07% | 98.93 | -1.07 | -1.07% |
| Bhadra 11, 65 | 266.07 | -13 | -4.66% | 95.53 | -3.4 | -3.44% |
| Bhadra 12, 65 | 267.12 | 1.05 | 0.39% | 95.57 | 0.04 | 0.04% |
| Bhadra 15, 65 | 276.82 | 9.7 | 3.63% | 99.09 | 3.52 | 3.68% |
| Bhadra 16, 65 | 275.75 | -1.07 | -0.39% | 98.67 | -0.42 | -0.42% |
| Bhadra 17, 65 | 276.86 | 1.11 | 0.40% | 98.88 | 0.21 | 0.21% |
| Bhadra 18, 65 | 273.80 | -3.06 | -1.11% | 97.89 | -0.99 | -1.00% |
| Bhadra 19, 65 | 274.04 | 0.24 | 0.09% | 98.21 | 0.32 | 0.33% |
| Bhadra 22, 65 | 274.20 | 0.16 | 0.06% | 98.31 | 0.1 | 0.10% |
| Bhadra 23, 65 | 271.59 | -2.61 | -0.95% | 97.32 | -0.99 | -1.01% |
| Bhadra 24, 65 | 272.31 | 0.72 | 0.27% | 97.42 | 0.1 | 0.10% |
| Bhadra 25, 65 | 269.69 | -2.62 | -0.96% | 96.44 | -0.98 | -1.01% |



Chart and Table 1

| Nepal Stock Exchange Ltd | | | | | | |
|---|---|---|---|---|---|---|
| Comparision of NEPSE Index and Float Index | | | | | | |
| | NEPSE Index: Base Magh 30, 2050 | | | Float Index: BaseAshad 32, 2063 | | |
| | NEPSE Index | Change | % Change | Float Index | Change | % Change |
| Bhadra 9, 65 | 1068.17 | | | 100 | | |
| Bhadra 10, 65 | 1087.8 | 19.63 | 1.84% | 99.46 | -0.54 | -0.54% |
| Bhadra 11, 65 | 1086.05 | -1.75 | -0.16% | 97.05 | -2.41 | -2.42% |
| Bhadra 12, 65 | 1119.65 | 33.6 | 3.09% | 98.27 | 1.22 | 1.26% |
| Bhadra 15, 65 | 1175.38 | 55.73 | 4.98% | 101.2 | 2.93 | 2.98% |
| Bhadra 16, 65 | 1134.39 | -40.99 | -3.49% | 100.35 | -0.85 | -0.84% |
| Bhadra 17, 65 | 1102.39 | -32 | -2.82% | 100.01 | -0.34 | -0.34% |
| Bhadra 18, 65 | 1064.01 | -38.38 | -3.48% | 98.81 | -1.2 | -1.20% |
| Bhadra 19, 65 | 1067.2 | 3.19 | 0.30% | 99.07 | 0.26 | 0.26% |
| Bhadra 22, 65 | 1071.08 | 3.88 | 0.36% | 99.36 | 0.29 | 0.29% |
| Bhadra 23, 65 | 1058.64 | -12.44 | -1.16% | 98.42 | -0.94 | -0.95% |
| Bhadra 24, 65 | 1051.2 | -7.44 | -0.70% | 98.28 | -0.14 | -0.14% |
| Bhadra 25, 65 | 1029.85 | -21.35 | -2.03% | 97.3 | -0.98 | -1.00% |

